कैलारी गाउँपालिका सामाजिक सुरक्षा वितरण सम्वन्धी कार्यविधि, २०७९

प्रस्तावना :

कैलारी गाउँपालिका भित्र रहेका एकल पुरुषहरुका साथै महिला स्वास्थ्य स्वयमसेविकाको आर्थिक तथा साामाजिक अवस्था सुधारका लागि एकल पुरुष कार्यक्रम संचालन गर्न, सामाजिक न्याय र समानता कायम गरी सामाजिक समावेशीकरण गर्दै एकल पुरुषहरुको यस गाउँपालिकाको समग्र विकासमा ठोस योगदान पुर्याई न्यायोचित लाभ वितरण गर्न लागि एकल पुरुषहरुका लागि विशेष व्यवस्थागर्न आवश्यक भएकोले, कैलारी गाउँपालिकाले एकल पुरुष तथा महिला स्वास्थ्य स्वयमसेविकालाई सँचार तथा खाजा सुविधा वितरण सम्वन्धी कार्याविधि आवश्यक भएकोले नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार संचालन ऐन, २०७४ मा व्यवस्था भएबमोजिम स्थानीयत हको कानून निर्माण प्रक्रिया ऐन, २०७५ को दफा ३ (२)बमोजिम यो कार्यविधिबनाई जारी गरिएको छ।

१. **संक्षिप्तनाम र प्रारम्भ :** (१) यो कार्यविधिको नाम"कैलारी गाउँपालिका सामाजिक सुरक्षा सम्वन्धी कार्यविधि,२०७९" रहेकोछ।

(२) यो कार्यविधि गाउँकार्यपालिका बैंठक/गाउँसभाबाट पारित भए पश्चात लागु हुनेछ।

२. **परिभाषा:**विषयवा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "अध्यक्ष"भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ।

(ख) "पालिका"भन्नाले कैलारी गाउँपालिकालाई सम्झनु पर्छ।

(ग) "एकलपुरुष"भन्नाले आर्थिक दृष्टिले विपन्न देहायकापुरुष सम्झनु पर्छ :-

(१) सम्वन्ध विच्छेद गरेको पुरुष,

(२) बिदुर पुरुष,

(३) ६० उमेर पूरा गरेको अविवाहित पुरुष,

(४) तीनवर्ष भन्दावढी समयदेखि पत्नी हराई वा बेपत्ताभएको पुरुष,

राज समक्ष चौधरी
गा.पा. अध्यक्ष

CamScanner

(घ) "महिला स्वास्थ्य स्वयमसेविका" भन्नाले कैलारी गाउँपालिका भित्र स्वास्थ्य सेवाको प्रवर्द्धन तथा गुणस्तरीय स्वास्थ्य सेवामा सर्मपित महिलालाई स्वास्थ्य स्वयमसेविकालाई सम्झनु पर्दछ।

३. **खाजा तथा सँचार सुविधा** :(१) देहाय बमोजिमको एकल पुरुष तथा महिला स्वास्थ्य स्वयम सेविका खाजा तथा सँचार सुविधा पाउन योग्यहुनेछ :

(क) नेपाली नागरिक,

(ख) कैलारी गाउँपालिका भित्र स्थायीबसोबास भएको,

(ग) ६० वर्ष उमेर पुगेको अविवाहित पुरुष,

(घ) पत्नीसँग सम्वन्ध विच्छेद भई विवाह नगरेको पुरुष,

(ड) पत्नीको मृत्यु भई अर्को विवाह नगरेको पुरुष,

(च) कैलारी गाउँपालिकामा स्वास्थ्य सेवा कार्यरत सवै महिला स्वास्थ्य स्वयमसेविका

४. **खाजा तथा सँचार सुबिधा नपाउने एकल पुरुष** : यस कार्यविधिको दफा ३ बमोजिम योग्यता पुगेको भएता पनि देहाय बमोजिमको नागरिकले एकल पुरुष भत्ता पाउने छैन :

(क) कुनै सरकारी वा सार्वजनिक पदमा नियुक्त, निवाचित वा मनोनित भएको व्यक्ति,

(ख) सरकारी कोषबाट निवृत्ति भरण पाइ रहेको व्यक्ति,

(ग) विदेशी राष्ट्रबाट निवृत्ति भरण पाई रहेको ब्यक्ति,

(घ) प्रचलित कानुन बमोजिम अन्य कुनै सामाजिक सुरक्षा भत्ता पाई रहेको ब्यक्ति,

पुनश्च : कैलारी गाउँपालिकामा कार्यरत सवै महिला स्वास्थ्य स्वयमसेविकालाई भने सँचार तथा खाजा सुविधा उपलब्ध गराईनेछ ।

५. **खाजा तथा सँचार सुविधा वितरण :**

(१) एकललाई सँचार तथा खाजा वाफत मासिक रुपमा रु.२५०। (अक्षरेपी दुई सय पचास)मात्रका दरले उपलब्ध गराईनेछ ।

(२) महिला स्वास्थ्य स्वयमसेविकालाई सँचार तथा खाजा वाफत मासिक रुपमा रु.५००। (अक्षरेपी पाँच सय)मात्रका दरले उपलब्ध गराईनेछ ।

राजेश समझ चौधरी
गा.पा. अध्यक्ष

(३) उपदफा १ बमोजिमको खाजा तथा सँचारको रकम चौमासिक रुपमा सम्वन्धित व्यक्तिको खातामा उपलब्ध गराईनेछ ।

६. **निवेदन पेश गर्नु पर्ने** : (१) यस ऐनको दफ ३ बमोजिमको सामाजिक सुरक्षा भत्ता पाउन योग्य नागरिकले सम्वन्धित वडा कार्यालयमा**अनुसूची-१** बमोजिमको ढाँचामा निवेदन वडा कार्यालयमा पेश गर्नु पर्नेछ :

(२) उपदफा १ बमोजिमको निवदेनमा निवेदकले देहायको कागजात संलग्न राखी निवेदन गर्नु पर्नेछ :

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ख) पत्नीसँग सम्वन्धविच्छेद गरेको हकमा अदालतबाट प्रमाणित सम्वन्ध विच्छेदको कागज,

(ग) पत्नीको मृत्यु भएको हकमा पत्नीको मृत्यु दर्ताको प्रतिलिपि,

(घ) अविवाहितको हकमा वडाको सिफारिस,

(ङ) पत्नीको मृत्यु भई अर्को विवाह नगरेको पुरुष,

(च) महिला स्वास्थ्य स्वयमसेविकामा कार्यरत रहेको प्रमाण खुल्ने कागजात

(३) उपदफा (१) बमोजिम निवेदन प्राप्त भए वडा कार्यालयले पन्ध्र दिन भित्रमा आवश्यक कारवाही गरी निर्णय गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम कारवाहीगर्दा एकल पुरुष तथा महिला स्वास्थ्य स्वयमसेविकाले खाजा तथा सँचार सुविधा नपाउने देखिएमा वडाकार्यालयले निवेदकलाई कारण खुलाई सोको लिखित जानकारी दिनु पर्नेछ ।

(५) उपदफ (३) बमोजिम कारवाही गर्दा एकल पुरुष तथा महिला स्वास्थ्य स्वयमसेविकाले खाजा तथा सँचार सुविधा पाउने देखिएमा वडा कार्यालयबाट सिफारिस गरी पालिकामा पेश गर्नु पर्नेछ ।

७. **एकल पुरुष परिचयपत्र**: यस कार्यविधि बमोजिम एकल पुरुष तथा महिला स्वास्थ्य स्वयमसेविका खाजा तथा सँचार सुविधा पाउने नागरिकलाई पालिकाले **अनुसूची-२** बमोजिमको ढाँचामा एकल पुरुष तथा महिला स्वास्थ्य स्वयमसेविका खाजा तथा सँचार सुविधा दिनु पर्नेछ ।

राज सुरक्ष चौधरी
गा.पा. अध्यक्ष

(२) उपदफा (१) बमोजिमको परिचय पत्र नलिएका व्यक्तिले एकल पुरुष तथा महिला स्वास्थ्य स्वयमसेविकाले सुविधा पाउने छैनन् ।

(३) उपदफा (१) बमोजिमको परिचयपत्र हराएमा, च्यातिएमा वा प्रयोग गर्न नमिल्ने भएमा रु.१००। रसीद संलग्न राखी **अनुसूची-३** बमाजिमको ढाँचा मानिवेदन पेश गरी प्रति लिपि लिन सकिनेछ ।

(४) महिला स्वास्थ्य स्वयम सेविकाको हकमा निजहरुको नियुक्ति पत्र वा अन्य कागजात

८. **अभिलेख राख्नु पर्ने** (१) यस कार्यविधि बमोजिम एकल पुरुष तथा महिला स्वास्थ्य स्वयमसेविकाले खाजा तथा सँचार सुविधा पाउने नागरिकको विवरण र वितरण गरिएको विवरण **अनुसूची-४** बमोविमको ढाँचामा राख्नु पर्नेछ ।

(२)वडा कार्यालयले दफा ६ बमोजिम परेको निवेदनको अभिलेख **अनुसूची-५**बमाजिमको ढाचामा राख्नु पर्नेछ ।

९. **अभिलेखिकरण बाट नाम हटाउने** :कार्यालयले देहाएको अवस्थामा एकल पुरुष तथा महिला स्वास्थ्य स्वयमसेविकाले खाजा तथा सँचार सुविधा पाउने व्यक्तिको नाम अभिलेखबाट हटाउन सक्नेछ :

(क) एकल पुरुषले विवाह गरेमा,

(ख) बसाई सरी अन्यत्रगएमा,

(ग) प्रचलित कानून बमोजिम अन्य सामाजिक सुरक्षा भत्ता पाउने भएमा,

(घ) कुनै सरकारी वा सार्वजनिक पदमा नियुक्त, निर्वाचित वा मनोनितभएमा,

(ङ) निज व्यक्तिले एकल पुरुष भत्ता नलिने भनी कार्यालयमा निवेदन पेश गरेमा,

(च) निज व्यक्तिको मृत्यु भई

(छ) महिला स्वास्थ्य स्वयम सेविकाका हकमा अवकाश भएमा

१०. **नविकरण**: (१) यस कार्यविधि बमोजिम एकल पुरुष सँचार तथा खाजा सुविधा प्राप्त गर्ने नागरिकले प्रत्यकआ.व. सकिन एक महिना अगावै कार्यालय समक्ष **अनुसूची-६** बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ । भने महिला स्वास्थ्य स्वयमसेविकाले कार्यरत वा वाहल रहेको प्रमार्ण ।

राज समभ्क चौधरी
गा.पा. अध्यक्ष

(२) उपदफा (१) बमोजिमको निवेदन साथ देहायको कागजात पेश गर्नु पर्नेछ ।

(क) एकल पुरुष परिचय पत्रको प्रतिलिपि,

(ख) पत्नीको मृत्यु वा सम्वन्ध विच्छेद भएको हकमा अर्को विवाह नगरेको वडाको सिफारिस,

(ग) अविवाहितको हकमा हाल सम्म अविवाहित रहेको वडाको सिफारिस,

११. **कसुर र सजायः** (१) कसैले झुटटा विवारण पेश गरी यस कार्यविधि बमोजिम एकल पुरुष भत्ता लिएमा कसुर गरेको मानिनेछ । ।

(२) कसैले उपदफा (१) बमोजिमको कसुर गरेको पाइएमा त्यस्तो कसुर गर्ने व्यक्तिले लिएको रकम असुल गरी निजलाई विगो बराबरको जरिमाना हुनेछ ।

१२. **अनुगमन सम्वन्धी व्यवस्थाः** एकल पुरुष तथा महिला स्वास्थ्य स्वयमसेविका रुपमा खाजा तथा सँचार सुविधा सँचार तथा पाउने व्यक्तिको अभिलेख, व्यस्थापन तथा भत्ता वितरणको अनुगमन पालिका उप प्रमुख वा निजले तोकेको सदस्य वा कर्मचारीले गर्नेछ ।

१३. **प्रतिवेदनमा पेश गर्नु पर्ने** : एकल पुरुष तथा महिला स्वास्थ्य स्वयमसेविकाले खाजा तथा सँचार सुविधा वितरण गरेको चौमासिक विवरण वडा कार्यालयले गाउँकार्यपालिकाको कार्यालय समक्ष पेश गर्नु पर्नेछ ।

१४. **सशोधन** : कैलारी गाउँकार्यपालिकाको बैंठक/गाउँ सभा बैठकको निर्णयले यो कार्यविधि संशोन गर्न सक्नेछ ।

१५. **बाधा अड्काउ फुकाउ** : यस कार्यविधिको कार्यान्वयनगर्दा कुनै बाधा अड्काउ आईपरेमा गाउँकार्यपालिकाले आवश्यक निर्णय गरी त्यस्तो बाधा अड्काउ फुकाई कार्यान्वयन गर्न सक्नेछ

१६. **बचाउ** : यो कार्यविधि कार्यान्वयन हुनु अगाडी गाउँकार्यपालिकाको निर्णय अनुसार एकल पुरुष तथा महिला स्वास्थ्य स्वयमसेविकाले खाजा तथा सँचार सुविधा तथा महिला स्वास्थ्य स्वयमसेविकाको सेवा सुबिधा सम्बन्धि भए गरेको सम्पूर्ण काम कारवाही यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

राज समझ चौधरी
गा.पा. अध्यक्ष

अनुसूची - १

(दफा ६ को उपदफा १ संग सम्वन्धित)

श्रीमान् वडा अध्यक्षज्यू, मिति :

..................वडाकार्यालय

कैलारी गाउँपालिका, हसुलिया, कैलाली ।

विषय : नामदर्ता गरी पाऊ ।

म निवेदक कैलारी गाउँपालिकाको एकल पुरुष खाजा तथा सँचार सुविधा वितरण सम्वन्धी कार्यविधि, २०७९ को दफा ३ बमोजिम भत्ता पाउन योग्य भएकोले मेरो नामदर्ता गरी दिनहुन देहायको विवाण सहित निवेदन पेश गर्दछु ।

व्यक्तिगतविवरण:

नाम/थर :

बाबुको नाम/थर :

आमाको नाम/थर :

स्थायी ठेगाना :

नागरिकता प्र.प.नं. : जारी जिल्ला ....जारी मिति :.................

पत्नीको मृत्यु भएको मिति र मृत्यु दर्ता प्रमाण पत्र नम्वर :

मृत्यु दर्ता जारी गर्ने निकाय :

<u>संलग्नकागजातहरु :</u>

१. निवेदकको नागरिकताको प्रतिलिपिथान १

२. पत्नीको नागरिकताको प्रतिलिपिथान १

३. पत्नीको मृत्यु दर्ताको प्रतिलिपिथान १

४. २ प्रतिपासपोर्ट साइजको फोटो

५. अविवाहितको हकमा वडाको सिफारिस थान

६. सम्वन्ध विच्छेदको हकमा सो सम्वन्धि प्रमाणित कागजात

मैले राज्य कोपबाट कुनै पनि पारिश्रमिक, निवृत्तिभरण, सामाजिक सुरक्षा भत्ता वा अन्य कुनै पनि सुविधालिएको छैन । यसमा लेखिएको व्यहोरा ठीक साँचो छ झुट्टाठहरे कानून बमोजिम सहुला बुझाउला ।

राज समझ चौधरी
गा.पा. अध्यक्ष

निवेदक

अनुसूची-२

(दफा७ को उपदफा १ सँग सम्वन्धित)

परिचयपत्रको ढाँचा

कैलारी गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

हसुलिया, कैलाली

सुदूरपश्चिमप्रदेश

एकल पुरुष परिचयपत्र

परिचयपत्र नं.................. फोटो

नाम थर ....

नागरिकतानम्वर ....

ठेगाना :.................................... प्रमाणित गर्ने अधिकारीको

जन्ममिति : ....हस्ताक्षर :

बाबुको नाम थर : .... नाम थर : ....

साल	महिना		दर	दर	जम्मा	बुझाउनेको दस्तखत
	देखि	सम्म				

सविधा लिनआउद यो परिचयपत्रअनिवार्य लिई आउन होला ।

राज समझ चौधरी
गा.पा. अध्यक्ष

अनुसूची-३

(दफा७ को उपदफा ३ सँग सम्वन्धित)

परिचयपत्रको प्रति लिपि पाउ भन्ने निवेदनको ढाँचा

श्रीमान् प्रमुखप्रशासकीय अधिकृतज्यू,

मिति :

कैलारी गाउँकार्यपालिकाको कार्यालय,

हसुलिया, कैलाली ।

विषय : प्रतिलिपिपाऊ ।

उपरोक्त सम्वन्धमा म निवेदनकको एकल पुरुष परिचयपत्र (परिचयपत्र नं. ....) हराएको वाप्रयोग गर्न नमिल्ने भएकोले कैलारी गाउँपालिका एकल पुरुष भत्ता वितरण सम्वन्धी कार्यविधि २०७९ को दफा ७ को उपदफा ३ बमोजिम प्रतिलिपि दस्तुर रसिद निवेदन यसै साथ संलग्न राखी एकल पुरुष परिचयपत्रको प्रतिलिपि पाउँ भनी यो निवेदन पेश गरेको छु ।

संलग्न कागजात:

१. नागरिकताको प्रतिलिपि

२. एकल पुरुष खाजा तथा सँचार सुविधा परिचयपत्रको प्रतिलिपि

निवेदक

हस्ताक्षर :..........

नाम थर :...............

ठेगाना : ....

सम्पर्क नं. : ....

CS CamScanner

अनुसूची-४

(दफा ८ को उपदफा १ सँग सम्वन्धित)

एकल पुरुष तथा महिला स्वास्थ्य स्वयमसेविका सुविधा प्राप्त गर्ने लाभग्राहीहरुको विवरण

ढाँचा

आ.व. ....किस्ता ....

क्र.सं.	परिचयपत्र नं.	नाम थर	उमेर	वडा नं.	नागरिकता नं	मासिकभत्ता	जम्मा रु.	कैफियत

राज समक्ष चौधरी
गा.पा. अध्यक्ष

अनुसूची-५

(दफा ८ को उपदफा २ सँग सम्वन्धित)

एकल पुरुष तथा महिला स्वास्थ्य स्वयमसेविका सुविधा सम्वन्धी निवेदनको अभिलेख

वडा नं. ....आ.व................

क्र.स.	दर्ता नं.	निवेदकको नामथर	दर्ता मिति	जन्ममिति	नागरिकता नं.	नागरिकता जारी गर्ने जिल्ला	निवेदन उपर भएको कारवाही	कैफियत

राज समक्ष चौधरी
गा.पा. अध्यक्ष

अनुसूची-६

(दफा १० को उपदफा १ सँग सम्वन्धित)

नविकरणनिवेदनको ढाँचा

श्रीमान् प्रमुखप्रशासकीय अधिकृतज्यू, मिति :

कैलारी गाउँकार्यपालिकाको कार्यालय

हसुलिया, कैलाली ।

विषय : नविकरण गरी पाउँ भन्ने सम्वन्धमा ।

उपरोक्त सम्वन्धमा म निवेदन एकल पुरुष परिचयपत्र नं. ....ले एकल पुरुष भत्ता सम्वन्धी कार्यविधि, २०७९ बमोजिम एकल पुरुष खाजा तथा सँचार सुविधा प्राप्त गरिरहेको र आ.व. ...... को लागि ऐ. कार्यविधिको दफा १० को उपदफा २ वमोजिम कागजात संलग्न राखी एकल पुरुष भत्ताको लाभग्राहीको सूचीमा मेरो नामनविकरण गराई पाउँभनी यो निवेदन पेश गरेको छु ।

संलग्नकागजात:

१.एकल पुरुष परिचयपत्रको प्रतिलिपि

२. अर्को विवाह नगरेको वडाको सिफारिस पत्र

३. अविवाहितको हकमा अविवाहित रहेको खुलाईएको वडाको सिफारिस पत्र

राज समभ्ऋ चौधरी
गा.पा. अध्यक्ष

निवेदक

हस्ताक्षर :...........

नाम थर :................

ठेगाना : ....

सम्पर्क नं. : ....

CamScanner